# लोक सेवा आयोग
# काठमाडौं कार्यालय
(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## नेपाल विद्युत प्राधिकरणको तह ३ र ४ का विभिन्न पदहरुको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ०७/०७८-७९, मिति २०७८/०४/१९**

लोक सेवा आयोग, काठमाडौ कार्यालयले संचालन गर्ने **नेपाल विद्युत प्राधिकरण**को तह ३ र ४ का मिति २०७६/११/०२ गते प्रकाशित विज्ञापनमा काठमाडौ क्षेत्र अन्तर्गतका विभिन्न पदहरुको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेश्रो संशोधन सहित) को पालना गर्ने गराउने गरी तपशिलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन। तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै पुग्नु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह, उपसमूह, तह | लिखित परीक्षा मिति समय | | संख्या | रोल नं | | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | देखि | सम्म | |
| १ | २०७६।७७ प्रा.३/४१४ (काठमाडौं) | महिला, मधेसी तथा दलित | जुनियर मिस्त्री, प्राविधिक, मेकानिकल, ३ | २०७८ भदौ १ गते दिनको २:३० बजे | - | ५८ | १ देखि ५८ | | लोक सेवा आयोग, काठमाडौं कार्यालय, अनामनगर काठमाडौं |
| २ | २०७६।७७ प्रा.३/४१५ (काठमाडौं) | महिला | जुनियर टेक्निसियन, प्राविधिक, सिभिल, सिभिल, ३ | २०७८ भदौ २ गते दिनको २:३० बजे | - | ८ | १ देखि ८ | | |
| ३ | २०७६।७७ प्रा.३/४१३ (काठमाडौं) | खुला तथा समावेशी | इलेक्ट्रिसियन, प्राविधिक, इलेक्ट्रिकल, इलेक्ट्रिकल, ३ | २०७८ भदौ ३ गते दिनको २:३० बजे | - | १६४ | १ देखि १६४ | | |
| ४ | २०७६।७७ प्रा.४/४११ (काठमाडौं) | मधेसी | फोरमेन, प्राविधिक, मेकानिकल, ४ | २०७८ भदौ ४ गते दिनको २:३० बजे | २०७८ भदौ ५ गते दिनको २:३० बजे | ४३ | १ देखि ४३ | | |
| ५ | २०७६।७७ प्रा.४/४१२ (काठमाडौं) | मधेसी तथा दलित | फोरमेन, प्राविधिक, सिभिल, सिभिल, ४ | २०७८ भदौ ४ गते दिनको २:३० बजे | २०७८ भदौ ५ गते दिनको २:३० बजे | १२६ | १ देखि १२६ | | |
| ६ | २०७६।७७ प्रा.४/४१० (काठमाडौं) | खुला तथा महिला | फोरमेन, प्राविधिक, इलेक्ट्रिकल, इलेक्ट्रिकल, ४ | २०७८ भदौ ६ गते दिनको २:३० बजे | २०७८ भदौ ७ गते दिनको २:३० बजे | ५७ | १ देखि ५७ | | |

**द्रष्टव्य १:-**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।
३. काठमाडौं परीक्षा केन्द्र बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन ।
४. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।साथै वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन।
५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
६. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।
७. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

**द्रष्टव्य २:- <u>कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू:</u>**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।
५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्न पाइने छैन ।
६. सबै उम्मेदवारहरूले आफ्नो स्वास्थ्य अवस्थाको बारेमा नेपाल विद्युत प्राधिकरणको Web Site मा गई विद्युतीय माध्यमबाट कोभिड सम्बन्धी स्वयम् घोषणा फाराम अनिवार्य रूपमा भर्नु पर्नेछ।
७. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८५ वा मोवाईल नम्बर ९८४१७७७६७० वा नेपाल विद्युत प्राधिकरणको मोवाईल नं ९८६२२७१६९७ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| | | |
|---|---|---|
| ................................ | ........................................ | ................................... |
| (अभिराज डाँगी) | (लक्ष्मीप्रसाद पराजुली) | (चन्द्रकान्त निरौला) |
| शाखा अधिकृत | शाखा अधिकृत | उपसचिव |